"समृद्ध नगर, खुशी नगरवासी"
गुर्भाकोट नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
शुभाघाट, सुर्खेत
कर्णाली प्रदेश, नेपाल
२०७३
फोन ०८३-५१००७२
E-mail: sktgurbhakotmun@gmail.com
website : gurbhakotmun.gov.np

पत्र संख्याः२०७९/०८०

मिति २०८०/०१/०५

च.नं

**सुरक्षित जनता आवास कार्यक्रम कार्यान्वयन अन्तर्गत फाराम भर्ने सम्बन्धि सूचना ।**

यस नगरपालिकाको आ.व.२०७९/०८० को स्वीकृत वार्षिक कार्यक्रम अनुसार यस नगरपालिकाको सुरक्षित जनता आवास कार्यक्रम कार्यविधि,२०७९बमोजिम गरिबीको रेखामुनी रहेका र प्रकोपका कारण घरवार विहिन भएका घरपरिवारले सुरक्षित आवास निर्माण गर्न चाहेमा स्वीकृत प्राविधिक लागत इष्टिमेटको आधारमा एक आवास वा आवास मर्मत तथा जस्तापाता,काठ लगायतका सामाग्रीहरुको खरिदको लागि अनुदान रकम उपलब्ध गराउने कार्यक्रम भएकोले सुरक्षित जनता आवास कार्यक्रम कार्यविधि,२०७९ को दफा ३ बमोजिमका घरधनिहरुले आ-आफ्नो वडा कार्यालयमार्फत निशुल्क रुपमा निवेदनको नमुना प्राप्त गरी आवश्यक विवरण भरी ७(सात) दिनभित्र सम्वन्धित वडा कार्यालयमा बुझाउन हुन सम्बन्धित सबैमा आदेशानुसार अनुरोध छ ।साथै म्याद नाघी प्राप्त भएका वा रितपूर्वक नआएका निवेदन उपर कुनै किसिमको कारवाही नहुने व्यहोरा समेत अनुरोध छ ।

०१/०५

चित्रबहादुर ढकाल
प्रशासकीय अधिकृत

बोधार्थः
श्री वडा कार्यालय (सबै), गुर्भाकोट नगरपालिका, सुर्खेत ।
श्री सूचना प्रविधि शाखाःसूचना वेभसाइटमा अवलोड गरिदिनहुन ।